नेपाल सरकार
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल
फो.नं. ०१-४२००२८०
ईमेलः- minister@mowcsc.gov.np

प.सं.: ०८३/८४
च.नं.:

मितिः २०८३।०६।०४

# प्रेस विज्ञप्ति

## मानव बेचबिखन तथा सीमापार महिला शोषणसम्बन्धी समाचारप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण

हालै विभिन्न सञ्चारमाध्यम तथा खोजमूलक पत्रकारितामार्फत भनी नेपाल भारत सीमापारबाट नेपाली महिला तथा युवतीहरूलाई नेपालको कानुनी तथा प्रशासनिक संयन्त्रलाई छल्दै विभिन्न प्रलोभन, झुटा आश्वासन दिई बिचौलियामार्फत भारततर्फ लैजाने, त्यहाँ विभिन्न प्रकारका शोषणमा पार्ने तथा संगठित रूपमा मानव बेचबिखन तथा ओसारपसार हुने गरेको सम्बन्धमा सार्वजनिक भएका समाचार तथा रिपोर्टहरूप्रति महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।

सञ्चारमाध्यममा सार्वजनिक भएका त्यस्ता विवरणहरूलाई प्रारम्भिक सूचनाका रूपमा ग्रहण गर्दै त्यसमा उल्लिखित घटना, व्यक्ति, बिचौलिया, संस्था, सीमा नाका, यात्राको माध्यम तथा सम्भावित आपराधिक सञ्जालसम्बन्धी विषयमा सत्यतथ्य छानबिन गरी दोषी देखिएमा प्रचलित कानूनबमोजिम कानुनी कारबाही अघि बढाउन गृह मन्त्रालयसँग आवश्यक समन्वय गरिसकिएको तथा सम्बन्धित सुरक्षा तथा अनुसन्धान निकायलाई आवश्यक छानबिनका लागि निर्देशन दिइसकिएको छ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले मानव बेचबिखन तथा ओसारपसार कार्यलाई गम्भीर कसुरका रूपमा परिभाषित गरी त्यस्ता कार्यलाई निषेध गरेको छ। महिला तथा किशोरी र बालबालिकाहरूलाई प्रलोभन दिने, झुक्याउने, जालसाजी गर्ने, जबर्जस्ती, धम्की वा अन्य माध्यमबाट शोषणका लागि नेपालभित्र वा विदेशमा लैजानेलगायतका कार्य उल्लेखित कानूनको दायरामा पर्दछन्। नेपाली नागरिकलाई सीमापार पुऱ्याइसकेपछि नेपालको सरोकार समाप्त हुन्छ र कानूनी कारवाहीको दायराबाट बच्न सकिन्छ भन्ने कुनै पनि बुझाइ उपयुक्त होइन, त्यस्ता कार्य तथा व्यक्तिहरू कानूनी कारवाहीबाट बच्न सक्दैनन्।

नेपाल मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय दायित्वप्रति समेत प्रतिबद्ध रहको छ। नेपालले United Nations Convention against Transnational Organized Crime (UNTOC) तथा यसको Protocol to Prevent, Suppress and Punish Trafficking in Persons, Especially Women and Children (Palermo Protocol) लाई स्वीकार गरिसकेको छ। साथै, नेपाल SAARC Convention on Preventing and Combating Trafficking in Women and Children for Prostitution को पक्ष राष्ट्रसमेत हो। यी अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रतिबद्धता र नेपालको प्रचलित कानूनअनुसार मानव बेचबिखनसम्बद्ध गैरकानूनी गतिविधिहरूको रोकथाम, नियन्त्रण र अनुसन्धान गरी

नेपाल सरकार
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल
फो.नं. ०१-४२००२८०
ईमेलः- minister@mowcsc.gov.np

प.सं.: ०८३/८४
च.नं.:

दोषीमाथि कडा कानुनी कारवाही, पीडितको उद्धार, संरक्षण, सुरक्षित घर फिर्ती तथा पुनर्स्थापना गर्न नेपाल सरकार प्रतिबद्ध रहेको छ।

नेपाल-भारतबीच रहेको खुला सीमानाको दुरुपयोग गरी नेपाली महिला, युवती तथा बालबालिकालाई आकर्षक रोजगारी, विवाह, अध्ययनको अवसर, वैदेशिक रोजगारी, मनोरञ्जन वा अन्य कुनै पनि प्रलोभनमा पारी सीमापार लैजाने र त्यसपछि शोषण गर्ने कुनै पनि गतिविधिमा व्यक्ति, बिचौलिया, एजेन्ट, संस्था वा संगठित आपराधिक सञ्जालको संलग्नता अनुसन्धानबाट पुष्टि भएमा प्रचलित कानूनबमोजिम कारवाहि गरिनेछ।

मन्त्रालय सामाजिक सञ्जाल तथा डिजिटल माध्यममार्फत आउने अस्वाभाविक रोजगारी, उच्च आम्दानी, विदेश यात्रा, विवाह, मोडलिङ, मनोरञ्जन वा अन्य आकर्षक प्रस्तावप्रति विशेष सावधानी अपनाउन महिला, युवती, बालबालिका, अभिभावक तथा सम्पूर्ण नागरिकमा हार्दिक अपिल गर्दछ। साथै, कुनै पनि वैदेशिक रोजगारी, अध्ययन वा यात्रामा जानुअघि सम्बन्धित व्यक्ति तथा संस्थाको आधिकारिकता एकीन गरी प्रचलित कानूनी प्रक्रिया पूरा गर्न तथा आफ्नो राहदानी, नागरिकता, बैंक विवरण वा अन्य व्यक्तिगत कागजात अपरिचित व्यक्ति वा बिचौलियालाई सहजै उपलब्ध नगराउन मन्त्रालय अनुरोध गर्दछ। मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कुनै शंकास्पद गतिविधि, महिला वा बालबालिकालाई जबर्जस्ती वा प्रलोभनमा पारेर लैजाने प्रयास, बिचौलियाको गतिविधि वा सीमापार शोषणसम्बन्धी सूचना प्राप्त भएमा तत्काल नजिकको प्रहरी कार्यालय, सम्बन्धित सरकारी निकाय वा नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरोलाई जानकारी गराउन समेत मन्त्रालय अनुरोध गर्दछ।

यस सम्बन्धमा सार्वजनिक भएका खोजमूलक समाचार तथा रिपोर्टमा उल्लेखित विषयको तथ्यगत छानबिन, आवश्यक प्रमाण सङ्कलन, सम्भावित पीडितको पहिचान तथा संरक्षण, संलग्न व्यक्तिको अनुसन्धान र कानूनबमोजिम कारबाहीका लागि गृह मन्त्रालय तथा सम्बन्धित सुरक्षा निकायसँगको समन्वयमा प्रक्रिया अघि बढाइसकिएको व्यहोरा समेत मन्त्रालय स्पष्ट गर्दछ।

२०८३।०६।०४
नेपाल सम्वत्: ११४६

६।४

चक्र बहादुर बुढा
सह सचिव र प्रवक्ता